# इलाम नगरपालिका

# इलाम नगरपालिकाको राजपत्र

**खण्ड : ६ सङ्ख्या : १६ मिति : २०७९।११।२९**

**भाग २**

**इलाम नगरपालिकाको कार्यपालिका बैठकबाट पारित इलाम नगरपालिका, उपमेयर सीप विकास (पहिलो संशोधन) कार्यविधि, २०७९, सर्वसाधारण सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।**

## इलाम नगरपालिका, उपमेयर सीप विकास (पहिलो) कार्यविधि, २०७९

**कार्यपालिकाबाट स्वीकृत मिति : २०७९।११।२९**
**प्रमाणीकरण मिति : २०७९।११।२९**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी इलाम नगरपालिकाको कार्यपालिकाबाट मिति २०७६।७।५ मा स्वीकृत इलाम नगरपालिका, उपप्रमुख महिला सीप विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" कार्यान्वयन भइरहेको सन्दर्भमा कार्यविधिलाई थप व्यवस्थित गर्नका लागि सो कार्यविधिमा निम्नानुसार संशोधन गर्न बाञ्छनीय भएकोले **इलाम नगरपालिका, उपमेयर सीप विकास (पहिलो संशोधन) कार्यविधि, २०७९,** नगर कार्यपालिकाको मिति २०७९।११।२९ को निर्णयबाट जारी गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस नियमावलीको नाम **इलाम नगरपालिका, उपमेयर सीप विकास (पहिलो संशोधन) कार्यविधि, २०७९,** रहेको छ।
(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **दफा** ३.(ङ) उद्यमशीलता प्रवर्द्धन तथा विकास सम्बन्धी तालिमको व्यवस्थापन गर्ने।
(च) व्यवसाय दर्ता गराई लघु, घरेलु तथा साना उद्योग/व्यवसाय गरिरहेका महिलाहरुलाई व्यावसायिक योजनाको आधारमा अनुदान वा बीउपूँजी वा ऋण उपलब्ध गराउने।
(छ) नगरपालिकाको नीति तथा कार्यक्रमबमोजिम महिला उद्यमशीलता प्रवर्द्धन तथा विकासको लागि कार्ययोजना बनाई स्वीकृत कार्ययोजना तथा बजेट कार्यान्वयन गर्ने।

३. **दफा** ७.(च) कोषको लगानी रकम तथा व्याज तोकिएको समयमा असुल नभएमा यस कार्यविधिबमोजिम कोषको संयोजकले सम्बन्धित व्यक्ति वा निजको परिवारको सेवा सुविधा रोक्काको लागि कारवाही अगाडि बढाउनेछ, र न.पा.को राजश्व शाखा तथा वडा कार्यालयहरुले सो अनुसार सेवा सुविधा रोक्का गरी साँवा तथा व्याज रकम असुली गर्नु पर्नेछ।

आज्ञाले
गणेशकुमार खड्का
प्रमुन प्रशासकीय अधिकृत